बैठक संख्या :- ८.

आज मिति २०७९।०५।०५ गते आईतबारका दिन यस ईच्छाकामना गाउँ कार्यपालिकाको बैठक, गाउँपालिका अध्यक्ष श्री दानबहादुर गुरुङको अध्यक्षता तथा तपशिलका कार्यपालिका सदस्यको उपस्थितीमा बसी तपशिलका निर्णयहरु गरियो ।

**उपस्थिती**

| | | |
|---|---|---|
| १. श्री दानबहादुर गुरुङ | अध्यक्ष | (हस्ताक्षर) |
| २. श्री माया सिलवाल | उपाध्यक्ष | |
| ३. श्री सन्तबहादुर मगर | १ नं. वडाध्यक्ष | (हस्ताक्षर) |
| ४. श्री पञ्चबहादुर प्रजा | २ नं. वडाध्यक्ष | (हस्ताक्षर) |
| ५. श्री नरबहादुर नेपाल | ३ नं. वडाध्यक्ष | (हस्ताक्षर) |
| ६. श्री रुद्रप्रसाद उप्रेती | ४ नं. वडाध्यक्ष | (हस्ताक्षर) |
| ७. श्री तेजबहादुर शेरचन | ५ नं. वडाध्यक्ष | (हस्ताक्षर) |
| ८. श्री लक्ष्मण प्रजा | ६ नं. वडाध्यक्ष | (हस्ताक्षर) |
| ९. श्री बम बहादुर थामा मगर | ७ नं. वडाध्यक्ष | (हस्ताक्षर) |
| १०. श्री अञ्जु चेपाङ | कार्यपालिका सदस्य | |
| ११. श्री टेकमाया गुरुङ | कार्यपालिका सदस्य | टेकमाया |
| १२. श्री परीमाया कामी | कार्यपालिका सदस्य | |
| १३. श्री पार्वती गुरुङ | कार्यपालिका सदस्य | पार्वती |
| १४. श्री राजकुमार चेपाङ | कार्यपालिका सदस्य | (हस्ताक्षर) |
| १५. श्री शंखबहादुर चेपाङ | कार्यपालिका सदस्य | (हस्ताक्षर) |
| १६. श्री शालिकराम बस्याल | प्रमुख प्रशासकीय अधिकृत | (हस्ताक्षर) |

अन्य उपस्थिति;

| | | |
|---|---|---|
| १७. बासु पण्डित | अधिकृत सातौं | (हस्ताक्षर) |
| १८. पवन खरेल | लेखापाल | (हस्ताक्षर) |

**मिति २०७९।०५।०५ को गाउँकार्यपालिका बैठकको निर्णयहरु:**

**निर्णय नं. १:** वर्षातका कारण इच्छाकामना गाउँपालिका भित्रका पहिरो गएका सडकहरुका कारण कतिपय किसानका तरकारी तथा पशुपक्षिं निकाशी, दैनिक उपभोग्य वस्तुको ढुवानी, सुत्केरी तथा अन्य आकस्मिक विरामीहरुको ज्यान नै जोखिममा परेका कारण तत्काल बाटोको पहिरो हटाउन ७ वटै वडाको छुट्टा छुट्टै प्राविधिक इष्टिमेट तयार गरी ७ वटा सुचना बनाउने र ७ दिने सुचना प्रकाशन गरी बाटो सरसफाई प्रकृया अगाडि बढाउने,

**निर्णय नं. २:** ईच्छाकामना गाउँपालिका भित्र संचालनमा रहेका व्यवशाय दर्ता तथा नविकरण कार्य गाउँकार्यपालिकाबाट मात्रै हुँदै आएकोमा व्यवशायीको सहजताको लागि व्यवशाय दर्ता तथा नविकरण कार्य वडाकार्यालयबाट नै गर्न सक्ने गरी अधिकार दिने,

**निर्णय नं. ३:** गाउँपालिकाबाट खरिद गरिने सेवा, वस्तु को खरिदलाई पारदर्शि बनाउन गाउँपालिकाको खरिद समितिको बैठकमा सम्बन्धित विषयगत समितिको संयोजक अनिवार्य उपस्थित भई निर्णय गर्ने,

**निर्णय नं. ४:** गाउँपालिका भित्र दर्ता नभई संचालन भएका व्यवशायहरु दर्ता प्रकृयामा आउन तत्काल सुचित गर्ने र सुचना अवधिमा पनि दर्ता हुन नआउने व्यवशायहरुको उपाध्यक्षको संयोजकत्वमा अनुगमन गरी व्यवशाय शिल गर्ने र जरिवाना समेत गर्ने,

**निर्णय नं. ५:** गाउँपालिका भित्र निर्माण हुने भवनहरुको नक्शापासको लागि "ईच्छाकामना गाउँपालिकाको नक्शापास सम्बन्धी कार्यविधि, २०७९" स्विकृत गर्ने,

**निर्णय नं. ६:** ईच्छाकामना गाउँपालिकाको वडा नं. १ को काउले स्वास्थयचौकी भवन नभएकाले तत्काल नयाँ स्वास्थ्य चौकी भवन निर्माणका लागि बजेट व्यवस्था गर्न नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई अनुरोध गर्ने,

**निर्णय नं. ७:** ईच्छाकामना गाउँपालिकाको मा संचालित सुरक्षित आप्रवासन कार्यक्रम यस भन्दा पहिले मेड नेपाल संस्थाबाट संचालन गरिएकोमा सो संस्थामा अवद्ध भई कार्यरत श्री विमला इटनी र श्री तुलसा थापा अनुभवी कर्मचारी भएकाले निजहरुलाई नै निरन्तरता दिने तथा गाउँ कार्यपालिकाको कार्यलयमा कार्यरत कार्यालय सहयोगी पदम बहादुर थापाको उमेर हदका कारण करार नविकरण गर्न नसकिने भएकाले निजको बुहारी निर्मला गुरुङलाई नियुक्ति दिने

**निर्णय नं. ८:** ईच्छाकामना गाउँपालिका भित्र नक्शा पास नगरी यस भन्दा अगावै निर्माण गरिएको घर तथा भवनहरू गाउँपालिकाले तयार गरेको मापदण्ड भित्र रहेका भवनहरुको अभिलेखिकरण गर्न ५ महिना म्याद राखी सुचना प्रकाशन गर्ने,

**निर्णय नं. ९:** ईच्छाकामना गाउँपालिका महिला स्वास्थ्य स्वयंसेवक श्री सावित्री सिलवाल उमेर ६० वर्ष पुरा गरेका कारण सेवाबाट अलग हुनु भएकाले गाउँसभाले छुट्याएको बजेट बाट खर्च हुने गरी उहाँलाई रु १ लाख नगद उपलब्ध गराउने तथा वडा नं. ३ को स्वयंसेवीका लोकमाया गुरुङ्ग सेवा प्रवाहकै क्रममा निधन भएकाले निजको परिवार जनलाई किरिया खर्च बापत रु २५ हजार उपलब्ध गराउने,

**निर्णय नं.: १०:** राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत **ICT** ल्याब र विद्यालय भौतिक निर्माणको लागि प्रस्ताव आव्हान भएकोमा तोकिएको समयावधिभित्र निवेदन पेश गर्ने तपशिलका विद्यालयहरुलाई प्राथमिकता क्रम निर्धारण गर्ने,

**ICT ल्याव निर्माणको लागि**

१. श्री रानिखोला माध्यमिक विद्यालय, ईच्छाकामना ७
२. श्री राष्ट्रिय आधारभुत विद्यालय चनौटे इच्छाकामना ६
३. श्री माध्यमिक विद्यालय ढुङ्ग्रे, ईच्छाकामना ६

**विद्यालय भौतिक निर्माणको लागि**

१. श्री बक्कुलहरी राष्ट्रिय आधारभुत विद्यलाय, लेवाटार, ईच्छाकामना ४ - ४ कोठे भवन
२. श्री राष्ट्रिय आधारभुत विद्यालय पैरेनी, ईच्छाकामना ६ - ४ कोठे भवन
३. श्री राष्ट्रिय आधारभुत विद्यालय कुयलघारी, ईच्छाकामना ६- ४ कोठे भवन
४. श्री राष्ट्रिय आधारभुत विद्यालय, तामिन, ईच्छाकामना ५, - ४ कोठे भवन
५. श्री सर्वशान्ति माध्यमिक विद्यालय, कुरिनटार, ईच्छाकामना ४- ४ कोठे भवन
६. श्री जनता आधारभुत विद्यलाय, राङचुराङ, ईच्छाकामना १ - २ कोठे भवन
७. श्री राष्ट्रिय माध्यमिक विद्यालय, हात्तिबाङ, ईच्छाकामना १ - ४ कोठे भवन

**निर्णय नं. ११:** यस ईच्छाकामना भित्र रहेका तपशिलका खोलाहरुमा खोलाको सतह बढेका कारण बाढी बस्तिमा पस्न सक्ने, खोला छेउछाउको खेतबाली बाढीले बगाउन सक्ने तथा तल्लो तटीय क्षेत्रका जनतालाई त्रास उत्पन्न भएको भनि वडा कार्यालय तथा गाउँपालिकामा मौखिक गुनासोहरु प्राप्त भएकोले ती खोलाहरुमा जम्मा भएको नदिजन्य पदार्थ तत्काल निकाशी गर्नुपर्ने भएकाले जिल्ला समन्वय समितिलाई तत्काल अनुगमन गर्न लगाई आवश्यक निर्णय गर्न अनुरोध गर्ने,

**सतह बढी जोखिम उत्पन्न भएका खोलानालाहरु**

१. धारापानी खोला
२. सोता बगर
३. बारबाङ खोला
४. कुरिनघाट जिवन बगर
५. भोटिखोला (गरदास) बगर
६. समिगौडा, झंगझंगे क्षेत्र
७. रानीखोला र भोटिखोला (सिमलधाप बगर)
८. खगेरी खोला